नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक २२१ | २०७७ साल असार ११ गते बिहीबार (25 June 2020 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : श्रमजीवी पत्रकारको ... ३ पृष्ठमा : क्वारेन्टिनमा शौचालय ... ३ पृष्ठमा : विश्वभर ४ लाख ८० ...

## सप्तरीमा संक्रमितको संख्या २ सय २, निको भए १५ जना



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीमा बुधबार ६ जना कोरोना संक्रमित थपिएका छन् । यो सँगै सप्तरीमा संक्रमितको संख्या २ सय २ पुगेको छ । यसअघि अघिल्लो दिन १९ जना संक्रमित फेला परेको थियो ।

पछिल्लो पटक सप्तरीको बलानबिहुल गाउँपालिकाका ४ र बोदेबसाईन नगरपालिकाका २ गरि ६ जनामा कोरोना संक्रमणको पुष्टि भएको गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिएका छन् ।

यस्तै बुधबारै कोरोनाबाट निको भएर ३ महिलासहित १५ जना डिस्चार्ज भएपछि जिल्लामा कोरोनाबाट निको हुनेको संख्या ९१ पुगेको छ । यता १ सय ११ जना संक्रमितको स्थानिय साईकृष्ण अस्पतालको आइसोलेशन कक्षमा उपचार भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए ।

जिल्लाको १८ स्थानिय तहमध्ये हालसम्म १६ वटा स्थानिय तहबाट कोरोना संक्रमित फेला परिसकेका छन् । यसैबीच लकडाउन खुकुलोसँगै कोरोना संक्रमितको संख्या पनि बढ्दै गएकाले लापरवाही नगर्न तथा सुरक्षा सतर्कता अपनाउन स्थानिय प्रशासनले सबैसँग अपील समेत गरेको छ ।

यसैबीच बुधबार साँझ सम्ममा नेपालमा कोरोना संक्रमितको कुल संख्या १० हजार ७ सय २८ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । नेपालमा कोरोना भाइरस संक्रमण निको भएर घर फर्किनेको संख्या २ हजार ३ सय ३८ जना रहेको जनाइएको छ ।

## जसपाले असार १६ गते देशभरी विरोध प्रदर्शन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

जनता समाजवादी पार्टीले नागरिकता विधेयकको विरोधमा असार १६ गते देशभरी विरोध प्रदर्शन गर्ने भएको छ ।

जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले बुधबार विज्ञप्ति जारी गर्दै राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएर प्रतिनिधिसभामा पुगेको नागरिकता विधेयकका कतिपय प्रावधान विभेदकारी भएको भन्दै असार १६ गते जिल्ला सदरमुकाम र मुख्य शहरहरूमा विरोध प्रदर्शन र सभा आयोजना गर्ने जनाइएको छ ।

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला अंगीकृत नागरिकता पाउन कम्तीमा निरन्तर सात वर्षसम्म नेपालमा बस्नुपर्ने प्रावधानप्रति जसपाले विरोध जनाएका हुन् ।

जनता समाजवादी पार्टीले नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिकले आफ्नो मुलुकको नागरिकता त्यागेको प्रमाणको आधारमा अंगीकृत नागरिकता दिनुपर्ने माग गरेको छ ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

__यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ__
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

__महत्वपूर्ण सवाल :__
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## तिलाठी कोइलाडीको साढे ३८ करोड रकम बिनियोजन

### खाँडो खोला नियन्त्रणका लागि विवादित जग्गाको मुआब्जा दिइने



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आ.व. २०७७/०७८ का लागि ३८ करोड ५३ लाख २४ हजार ५ सय ६० रुपैयाँ रकम बिनियोजन गरेको छ ।

गाउँपालिकाको कार्यालयमा बुधबार आयोजित नीति तथा कार्यक्रममा जानकारी गराउँदै गाउपालिका अध्यक्ष सतिश कुमार सिंहले कुल बजेटको चालु तर्फ २३ करोड १२ लाख २४ हजार ५ सय ६० रुपैयाँ र पूँजिगत तर्फ १५ करोड ४१ लाख रुपैयाँ रहेको जानकारी दिएका छन् ।

त्यस्तै गाउँपालिकाको कुल

*बाँकी तीन पृष्ठमा*

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# लकडाउन खुकुलोलाई वेवास्ता नगरौं

कोरोना भाइसको संक्रमण फैलिन नदिनका लागि गत चैत ११ गतेदेखी सरकारले गेको लकडाउन असार १ गतेदेखी खुकुलो बनाएको छ । झण्डै तिन महिनाको अवधीमा मानिसहरु आफ्नै घरवाहिर ननिस्केर कोरोनालाई परास्त गर्न लागिपरे । तर, असार १ गतेदेखी लकडाउन खुकुलो बनाउने सरकारी निर्णयालाई अहिले कसैले पालना गरेको देखिन्न् । यस अवधीमा अहिले कोरोना संक्रमितको संख्या थपिदै गएको छ ।

लकडाउन खुकुलो बनाउनुको अर्थ अतिआवश्यक काम बाहेक घर बाहिर ननिस्कनु वा निस्कनु परेमा सामाजिक दुरी कायमका साथै मुखमा मास्क समेत लगाउनु पर्ने अनिवार्य हो । तर, अहिले कोरोनाको त्रास मानिसहरुमा हटिसकेको जस्तो देखिन्छ । कीन भने मानिसहरु सरकारी निर्णयको पालना नगरि बजारमा हिड्डुल गरिरहेको देखिन्छन । मास्क नलगाएर सामाजिक दुरी समेत कायम गर्दैनन् । लकडाउन खुकुलो अन्तरगत सरकारले सार्वजनिक यातायात, विद्यालय, होटल, सिनेमा घर तथा सार्वजनिक स्थानहरु खोल्ने अनुमति दिएको छैन् ।

यसरी कोरोनाको महामारीको बेलामा सरकारी निर्णयको पालना गर्नु आवश्यक छ । यसको पालनाले हामीलाई नै फायदा पुग्ने हो । तर मानिसहरु यसको वेवास्ता गर्दै आफ्नै ज्यान आफै जोखिममा पारिरहेका छन् । तसर्थ कोरोनालाई परास्त गर्न सबैले सरकारी नियमको पालना गरि आफू बचौं र अरुलाई पनि बचाउने प्रयास गरौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# श्रमजीवी पत्रकारको अधिकारका लागि दबाब दिइँदै

काठमाडौं, १० असार (रासस) ।
नेपाल पत्रकार महासंघ र न्यूनतम् पारिश्रमिक निर्धारण समितिले बन्दाबन्दीका समयमा श्रमजीवी पत्रकारलाई पारिश्रमिक नदिने र सेवाबाट हटाउने कार्य भएमा सैह्य नहुने स्पष्ट पारेको छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) नेपालका निमित्त नेपाल राष्ट्रिय आयोगको आमसञ्चार समितिद्वारा आयोजित 'कोरोना महामारीमा श्रमजीवी पत्रकारको पेशागत सुरक्षा' विषयका भर्चुअल संवादमा महासंघका अध्यक्ष गोविन्द आचार्य र समितिका अध्यक्ष राजेन्द्र अर्यालले ठूला भनिएका सञ्चार गृहमै यस प्रकारको समस्या देखिएकाले सञ्चार उद्यमीसँग सार्थक संवादबाट समाधान नभए दबाबमूलक कार्यक्रम र कानूनी उपचारबाट श्रमजीवी पत्रकारलाई न्याय दिलाइने दृढता व्यक्त गर्नुभयो ।

अध्यक्ष आचार्यले आवश्यक परेमा सञ्चार गृहमा जुलुस आयोजना र सञ्चार धनीको घरमा धर्नासम्म गरिने बताउँदै भन्नुभयो, "हाम्रो पहिलो शर्त पत्रकारको पेशागत सुरक्षा हो । काम गर्ने कोही पनि पत्रकार भोकै मर्न हुँदैन भन्नेमा हामी सचेत छौं र उनीहरुको अधिकार दिलाएरै छाड्छौं ।" उहाँले विभिन्न १२ सञ्चार गृहमा कार्यरत पत्रकार तथा कर्मचारीले नियमित तलब नपाएको र कर्मचारी कटौती गर्न थालेको विषयमा ती सञ्चार गृहसँग जवाफ मागिएको जानकारी दिनुभयो ।

समितिका अध्यक्ष अर्यालले एक्काइसौं शताब्दीमा पनि पत्रकारले आफूले काम गरेको रकम माग्न लडाईं गर्नुपर्ने विडम्बना भएको उल्लेख गर्दै सामाजिक उत्तरदायित्वका लागि अन्य सङ्कटका बेला कोष खडा गरेर परिचालन गर्नसक्ने संस्थालाई पत्रकारलाई तलब नदिइनुले नियतमा पनि शङ्का उत्पन्न गराएको बताउनुभयो । उहाँले सञ्चार क्षेत्रलाई उद्योगको मान्यता दिई पुनः कर्जा र अन्य सुविधाका लागि सरकारले पनि सहयोग गर्नुपर्ने बताउनुभयो ।

सञ्चार अनुसन्धानकर्ता लक्ष्मणदत्त पन्तले पत्रकारको पेशागत सुरक्षाको सधैँ उठिरहने मुद्दा बनेकाले यसलाई दीर्घकालीनरुपमा समाधान गर्न महासङ्घ र समितिले पहल गर्नुपर्ने उल्लेख गर्दै विषम स्थितिमा पत्रकारलाई तलबविहीन हुन नदिन सञ्चार गृहले श्रमजीवी पत्रकार कोष खडा गर्नुपर्ने सुझाव दिनुभयो ।

अभिवक्ता एवं पत्रकार स्वागत नेपालले युनेस्कोले जारी गरेको पत्रकार सुरक्षा मार्गदर्शनलाई सहीरुपमा अपनाइएको उल्लेख गर्दै समस्यामा परेका पत्रकारलाई कानूनी सहायता आवश्यक परेमा आफूहरुले निःशुल्क सेवा दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । युनेस्को आयोगको आमसञ्चार समितिका संयोजक हरिगोविन्द लुईंटेलले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था विश्लेषण गरी समस्या समाधानका लागि सम्बन्धित पक्षसँग पहल गरिने बताउनुभयो ।

युनेस्को नेपाल आयोगका सहायक महासचिव डा बाबुराम अधिकारीलगायत सहभागी संवादमा सञ्चारिका समूहका सचिव यशोदा अधिकारीसहित प्रदेश नं. १ बाट यज्ञ शर्मा, प्रदेश नं. २ बाट सुरेश यादव, प्रदेश नं. ३ बाट शेषकान्त पण्डित, प्रदेश नं. ५ बाट भगवान भण्डारी, कर्णाली प्रदेशबाट नवराज महतारा, सुदूरपश्चिम प्रदेशबाट दुर्गा देवकोटा, प्रवासी पत्रकार भगवान गिरी (पोर्चुगल) ले कोरोना महामारीपछि श्रमजीवी पत्रकारको पेशागत र व्यावसायिक सुरक्षाको अवस्था कमजोर हुँदै गएको अनुभव आदानप्रदान गर्नुभएको थियो ।

# कोभिड-१९ का आदेश कार्यान्वयनमा अदालतको चासो

काठमाडौं, १० असार (रासस) ।
कोभिड-१९ सम्बन्धी आदेशको कार्यान्वयन भए नभएको विषयमा सर्वोच्च अदालतले चासो लिएर सम्बन्धित मन्त्रालयसँग छलफल गरेको छ । केन्द्रीय न्याय क्षेत्र समन्वय समिति र न्यायमा पहुँच आयोगको समन्वय एवं सर्वोच्च अदालतले मंगलबार कोरोनाको नियन्त्रणसँग सम्बन्धित मन्त्रालयहरूले आदेश कार्यान्वयनमा गरिरहेको कार्यप्रगतिका बारेमा छलफल आयोजना गरेको हो ।

सरकारले गत चैत ११ गतेदेखि बन्दाबन्दीको अवस्थामा पनि सर्वोच्च अदालतले अत्यावश्यक सेवाअन्तर्गत बन्दी प्रत्यक्षीकरण र जनताको मौलिक हकमा आघात नपुगोस् भन्ने उद्देश्यले कोभिड-१९ सँग सम्बन्धित रिट निवेदनको सुनुवाइ गरी फैसला गरेको थियो । यो अवधिमा सर्वोच्च अदालतमा ४२ वटा रिट निवेदन दर्ता भएका थिए । तीमध्ये २३ वटा रिटमा अन्तरिम आदेश जारी भएका छन् ।

कार्यक्रममा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिका अध्यक्षसमेत रहनुभएका सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतले नागरिकको जीवनरक्षाका लागि गरिएका फैसला तथा आदेशको कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले जनताको मौलिक हकको रक्षाका लागि अदालत उदासिन रहन नसक्ने भएकाले राज्यका अन्य निकाय पनि उदासिन हुनु हुँदैन भन्ने अपेक्षा गरिने उल्लेख गर्नुभयो ।

न्यायमा पहुँच आयोगकी सदस्य सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले अदालतबाट भएका आदेश कार्यान्वयन कहिले हुन्छ भन्नेभन्दा पनि तत्काल कार्यान्वयन भए नभएको कुरा महत्वपूर्ण हुने बताउनुभयो ।

मुख्यसचिव लोकदर्शन रेग्मीले नागरिकको जीवन रक्षाको विषय सरकारको पहिलो प्राथमिकता रहेको र सर्वोच्च अदालतबाट कोभिड-१९ आदेशले नेपालभित्र र नेपाल बाहिर रहेका नागरिकको विषय पनि उठेकाले सोहीअनुरूप सरकारले आफ्ना काम कारवाही अगाडि बढाएको बताउनुभयो । सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नृपध्वज निरौलाले विषम परिस्थितिमा अत्यावश्यक सेवा नहुँदा जनताको जीवनयापन तथा दैनिकीमा समस्या आउने अवस्था हुन नदिन सेवामा सीमितता गर्दै अदालत सञ्चालनमा ल्याइएको उल्लेख गर्नुभयो ।

परराष्ट्र मन्त्रालयका सहसचिव हरिशचन्द्र घिमिरेले सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीको जीवनयापन तथा घर आउन चाहने नेपाली नागरिकलाई फिर्ता ल्याउन उपयुक्त कदम चाल्न आदेश गरेअनुसार सोमबारसम्म छ हजार ४८६ नेपाली फर्किसकेको जानकारी गराउनुभयो । राष्ट्रपति, प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीले आफ्नो समकक्षीमार्फत पनि नेपाली कामदार, विद्यार्थी आदि विदेशमा रहेका नागरिकको संरक्षणका लागि गरिएका प्रयासका बारेमा उहाँले जानकारी दिनुभयो ।

गृहसचिव महेश्वर न्यौपानेले कारागारभित्रै आइसोलेशन, क्वारेन्टिन तथा मनोपरामर्शको समेत व्यवस्था गरिएको र अहिले पनि कोरोना परीक्षण गरेर मात्रै कारागारमा लिने व्यवस्था गरिएको तथा प्रमुख जिल्ला अधिकारीमार्फत उपयुक्त निर्णय लिन निर्देशन दिएको बताउनुभयो ।

प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद विडारीले राहत कोष वितरणका सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयनमा गइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार कोषमा रु २३६ करोड जम्मा भएको रु ६५ करोड खर्च भइसकेको जानकारी गराउँदै आइसोलेशन सेन्टर, क्वारेन्टिनलगायतको व्यवस्थापनमा कोषको रकम प्रयोग भइरहेको छ ।

छलफलमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यमकुमारी खतिवडाले बन्दाबन्दीकै समयमा महिला, सुत्केरी, बालबालिका तथा ज्येष्ठ नागरिकको सन्दर्भमा आवश्यक काम गरिरहेको बताउनुभयो । प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले स्रोत साधन र सामर्थ्यको अभावका बीच सर्वोच्च अदालतका फैसला तथा आदेश कार्यान्वयन भइरहेको जानकारी गराउनुभयो ।

आफ्नो घर, व्यवसायमा
बालबालिकालाई श्रममा नलगाऔं,
अरुलाई पनि बालश्रम प्रयोग नगर्न
सूचित गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# क्वारेन्टिनमा शौचालय निर्माण गरिने

काठमाडौँ, १० असार (रासस)।

खानेपानी मन्त्रालयले देशभरका सबै क्वारेन्टिनमा शौचालय बनाउने तयारी अघि बढाएको छ। मन्त्रिपरिषद्को गत साताको बैठकले मन्त्रालयलाई शौचालय निर्माणको जिम्मेवारी दिएको थियो। मन्त्रालयले कुन मोडलको बनाउने, कुन क्वारेन्टिनमा कति सङ्ख्यामा बनाउनेलगायतका विषयमा छलफल अघि बढाएको छ।

मन्त्री विना मगर, सचिव माधव बेल्वासे, खानेपानी तथा सरसफाइ विभागका प्रतिनिधि, खानेपानी मन्त्रालयका सहसचिवलगायतका व्यक्ति सहभागी बैठकले स्थायी र अस्थायी कुन प्रकृतिको शौचालय बनाउन उपयुक्त हुन्छ भनि छलफल गरिरहेको छ।

कोभिड-१९ को सङ्क्रमणको जोखिम हुँदासम्मका लागि अस्थायी शौचालय बनाउने कि त्यही शौचालय भविष्यसम्म प्रयोग गर्ने गरी स्थायी प्रकृतिको बनाउने भनी छलफल भइरहेको मन्त्रालयका प्रवक्ता रितेशकुमार शाक्यले बताउनुभयो। उहाँका अनुसार अधिकांश क्वारेन्टिन विद्यालयमै रहेकाले त्यसलाई भविष्यसम्म प्रयोग गर्ने गरी निर्माण गर्ने एकाथरिको सुझाव छ।

त्यस्तै, छिटो निर्माण गरिसक्नुपर्ने भएकाले अस्थायी नै बनाउने विषयमा पनि छलफल भएको छ। कम लगानीमा र छिटो हुने भएकाले बोक्न मिल्ने शौचालयका विषयमासमेत सुझाव आएको छ। उहाँले भन्नुभयो, "कुन मोडलमा बनाउँदा उपयुक्त हुन्छ भनि केही दिनमा नै टुङ्गो लगाइनेछ।"

मन्त्रालयले केही दिनमा नै 'मोडालिटी'का बारेमा टुङ्गो लगाएर यही महिनामा नै निर्माण गर्ने योजना बनाएको प्रवक्ता शाक्यले बताउनुभयो। मन्त्रालयले 'फास्टट्र्याक' मार्फत निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ। त्यस्तै, निर्माणको जिम्मेवारी कुनै कम्पनीलाई दिने कि स्थानीयस्तरमा कार्यरत गैरसरकारी संस्थालाई दिने भन्ने विषय पनि टुङ्गो लगाइनेछ। सबै क्वारेन्टिनमा एकनाशको शौचालय बनाइने सोच छ।

कति बजेटसम्मको बनाउने भनी टुङ्गो लगाउन बाँकी छ। खानेपानी तथा सरसफाइ विभागले विभिन्न प्रदेशका निर्देशनालयमार्फत शौचालय निर्माण गर्ने गरी छलफल भइरहेको उहाँले बताउनुभयो। क्वारेन्टिनको क्षमताको आधारमा शौचालय निर्माणबारे टुङ्गो लगाइनेछ। महिलाका लागि कति र पुरुषका लागि कति शौचालय आवश्यक छ भनी बैठकले निर्णय गर्नेछ।

कोभिड-१९ का सम्भावित सङ्क्रमित बसिरहेका क्वारेन्टिनलाई व्यवस्थित बनाउन सरकारले खानेपानी मन्त्रालयलाई शौचालय निर्माणको जिम्मेवारी दिएको हो। धेरै ठाउँमा रहेकाल्यस क्वारेन्टिनमा खानेपानी र शौचालयको राम्रो व्यवस्था छैन। क्वारेन्टिनका व्यक्ति सङ्क्रमित पनि हुनसक्ने र उसले प्रयोग गरेको शौचालय धेरैले प्रयोग गर्दा सङ्क्रमण फैलने जोखिम हुन्छ। भारतमा रोजगारीका सिलसिलामा गएका व्यक्ति स्वदेश फर्किएसँगै क्वारेन्टिनमा बस्नेको सङ्ख्या बढिरहेको छ।

सोमबार देशभरमा क्वारेन्टिनमा रहेकाको सङ्ख्या ९० हजार ७३० रहेको थियो। यो सङ्ख्या आइतबार ९४ हजार ९२८ जना थियो भने शनिबार मुलुकभरका क्वारेन्टिनमा एक लाख दुई हजार २४५ जना रहेका थिए। गत साता राष्ट्रियसभाको बैठकमा सांसदहरूको प्रश्नको उत्तर दिँदै खानेपानी मन्त्री बीना मगरले मन्त्रालयलाई भर्खर मात्रै क्वारेन्टिनमा खानेपानी र शौचालय, सरसफाइ निर्माणको जिम्मेवारी आएकाले त्यसको कार्यान्वयनमा लागेको बताउनुभएको थियो। अहिले आवश्यकतानुसार छिटोभन्दा छिटो कार्यान्वयन गर्न मन्त्रालय अघि बढ्ने उहाँको भनाइ थियो।

*तिलाठी कोइलाडीको ...*

आन्तरिक आम्दानी ४० लाख रुपैयाँ प्रस्ताव गरिएको छ भने कूल बजेटमा संघीयबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ११ करोड ५२ लाख र सशर्त अनुदानतर्फ १७ करोड, राजस्व बाँडफाँडबाट ६ करोड ७४ लाख ९४ हजार ५६० रुपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण तर्फ ७१ लाख ५६ हजार, राजस्व बाँडफाँडबाट ३४ लाख ७४ हजार, सशर्त अनुदानतर्फ ८० लाख, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख तथा युनिसेफबाट ५० लाख रुपैयाँ प्राप्त हुने जनाइएको छ।

सोही कार्यक्रममा गाउँपालिकाको आठ वटै वडाहरुलाई आगामी आर्थिक बर्षको लागि वडा सिलिङ अन्तर्गत ६५ लाख तोकिएको जानकारी दिइएको छ।

यस बाहेक आर्थिक विकासतर्फ गाउँपालिका युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन हुनबाट रोक्न "युवाका लागि सीप अध्यक्ष हाम्रो मित(मित्र)" कार्यक्रम सञ्चालन गरिने अध्यक्ष सिंहले बताए। त्यस्तै कोभिड १९ को कारण प्रभावित कृषकलाई खेतीमा प्रोत्साहित गर्न धान, गहुँ तथा मकै बालीको विऊमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराइने छ।

तिलाठीस्थित खाँडो खोलालाई सिधा हुने गरी निर्माणाधिन पूलसम्म लैजान (हाल बगिरहेको ठाउँ र साबिकको धारको बीच भागमा पर्ने नम्बरी जग्गा (विवादित जग्गा) को उचित राहत/मुआब्जाका लागि गाउँपालिकाबाट संघीय सरकार, प्रदेश सरकार, संघीय साँसद तथा प्रदेश सभा सदस्यहरुसँग छलफल गरी संघ तथा प्रदेश सरकारसँग उचित राहत/मुआब्जा दिलाउन प्रयास गरिने छ। उक्त विवादित नम्बरी जग्गा (विवादित जग्गा)को लागि गाउँपालिकाबाट ३५ लाख छुट्याई जग्गाधनीहरुलाई कृषि कार्य/पशुपालनका लागि दामासाही हिसाबले प्रति कठ्ठा अनुदान सहयोग उपलब्ध गराइने बताइएको छ।

यसैगरि सामाजिक विकासतर्फ कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने हेतुले "हमहुँ जेबै स्कूल" कार्यक्रम कार्यान्वयन गरिने छ। बालबालिकामा रहेको कुपोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी ढंगबाट सञ्चालन गरिने कार्यक्रम रहेको छ। यता बेटी पढाउ बेटी बचाउ अभियानलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिने जनाइएको छ।

त्यस्तै महिला हिंसा, लैंगिक हिंसा, दाइजो प्रथा, यौनजन्य हिंसा, घरेलु हिंसा जस्ता सामाजिक कुरीतिहरुको निरुत्साहित गर्न सहयोग पुग्ने खालको कार्यक्रम तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने उनले बताए।

कोभिड १९ को कारण प्रत्यक्ष मारमा परेका विद्यार्थीहरुका लागि वैकल्पिक माध्यमबाट पठनपाठनको ब्यवस्था मिलाइने उनको भनाई छ।

गाउँपालिकाले कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएका ब्यक्तिको परिवारलाई राहत स्वरुप पचीस हजार रुपैयाँ दिइने उल्लेख छ। कोभिड १९ को महामारीका वीच भारत लगायत विदेश र देशका विभिन्न स्थानबाट आउनेहरुलाई संक्रमणको आशंका भएका जनतालाई सुरक्षित राख्न क्वारेन्टीनको उचित ब्यवस्थापन गरिनुका साथै परीक्षणबाट संक्रमित देखिएका ब्यक्तिलाई उपचारको ब्यवस्था गर्नका लागि आवश्यकतानुसार आइसोलेशनको ब्यवस्था गरिने छ।

क्वारेन्टीनको क्षमता अभिवृद्धि गर्नुका साथै आइसोलेशनमा आवश्यक सेवा सुविधाको ब्यवस्था गरिने जनाउँदै कोभिड १९ को समयमा अग्रपंक्तिमा रहेर काम गरेका स्वास्थ्यकर्मी तथा जनशक्तिलाई नेपाल सरकारले तोके बमोजिम प्रोत्साहन समेत उपलब्ध गराइने नीति तथा कार्यक्रममा समेटिएको छ।




## विश्व समाचार

### विश्वभर ४ लाख ८० हजारको मृत्यु

जेनेभा, १० असार (रासस-एएफपी)।

महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण विश्वभर ४ लाख ८० हजारभन्दा बढी मानिसको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ।

संगठनका अनुसार कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या ९३ लाख ६९ हजार पुगिसकेको छ जसमध्ये करिब ५० लाख मानिस निको भएर डिस्चार्ज भएका छन्। करिब ५८ हजार मानिस अहिले पनि कोरोनाभाइरसको संक्रमणबाट निकै जटिल अवस्थामा छन्।

कतिपय मुलुकमा कोरोनाको जोखिम कम भएर बिस्तारै जनजीवन खुकुलो भए पनि कतिपय अवस्थामा जोखिमलाई बेवास्ता गर्दै मानिसहरु सामाजिक दूरीजस्ता सामान्य नियम समेत तोड्न थालेका छन्।

विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरसको प्रभाव अझै कायम रहेकाले दोस्रो लहरको चपेटामा पर्न सक्ने भन्दै चेतावनी समेत दिइरहेको छ। खासगरी दक्षिण अमेरिका र भारतजस्ता मुलुकमा दैनिक ठूलो संख्यामा कोरोना संक्रमित देखिनेक्रम रोकिएको छैन।

### भारतमा एकै दिन झण्डै १६ हजार कोरोना सङ्क्रमित भेटिए

नयाँ दिल्ली, १० असार (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको दैनिक संख्या अहिलेसम्मकै सबैभन्दा धेरै देखिएको छ।

सरकारी अधिकारीहरुले बुधबार दिएको जानकारी अनुसार भारतमा एकै दिन झण्डै १६ हजार जना सङ्क्रमित भेटिएका छन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा १५ हजार ९६८ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको जनाएको छ। सोही अवधिमा भारतमा कोरोनाका कारण ४५६ जनाको मृत्यु भएको छ। योसँगै भारतमा कुल मृतकको संख्या १४ हजार ४७६ पुगेको छ भने सङ्क्रमितको संख्या चार लाख ५६ हजार १८३ पुगेको छ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाहरुको संख्या एक लाख ८३ हजार २२ रहेको छ। त्यसैगरी सङ्क्रमणमुक्त भएकाहरुको संख्या दुई लाख ५८ हजार ६८५ पुगेको छ। प्रदेश अनुसार हेर्दा सबैभन्दा धेरै महाराष्ट्रमा सङ्क्रमित भएका छन्। महाराष्ट्रमा अहिलेसम्म एक लाख ३९ हजार १० जना सङ्क्रमित भएको तथ्याङ्क छ। तीमध्ये ६२ हजार ८४८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु ६९ हजार ६३१ जना सङ्क्रमणमुक्त भइसकेका छन्।

ष्स्त्यसैगरी महाराष्ट्र राज्यमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर अहिलेसम्म छ हजार ५३१ जनाको मृत्यु भएको छ। अधिकारीहरुका अनुसार केन्द्रीय राजधानी समेत रहेको दिल्लीमा भने सङ्क्रमितको संख्या ६६ हजार ६०२ जना रहेको छ भने दुई हजार ३०१ जनाको मृत्यु भएको छ।

त्यसैगरी तेस्रो धेरै प्रभावित तमिलनाडु राज्यमा ६४ हजार ६०३ जना सङ्क्रमित हुँदा ८३३ जनाको मृत्यु भएको छ।

### दक्षिण अमेरिकामा कोरोनाभाइरसको संक्रमणबाट एक लाख बढीको मृत्यु

मन्टेभिडियो, १० असार (रासस-एएफपी)।

दक्षिण अमेरिका र क्यारेबियन राष्ट्रहरुमा कोरोनाभाइरसको संक्रमणका कारण मृत्यु हुने व्यक्तिको संख्या मंगलबारसम्ममा एक लाख नाघेको छ। एएफपी समाचार संस्थाको गणना अनुसार मृत्यु भएकामध्ये आधाभन्दा बढी ब्राजिलका नागरिक छन्।

दक्षिण अमेरिकामा कोरोनाभाइरसबाट सबैभन्दा प्रभावित मुलुकहरुमा ब्राजिल, मेक्सिको, पेरु र चिली रहेका छन्। यस क्षेत्रमा कूल संक्रमितको संख्या पनि करिब २१ लाख पुगिसकेको छ। ब्राजिलमा हालसम्म ५२ हजार ६४० जनाभन्दा बढीको कोरोनाभाइरसको संक्रमणबाट मृत्यु भइसकेको छ भने ११ लाख ४५ हजार ९०६ जना संक्रमित छन्। ब्राजिलमा मृत्यु हुनेको संख्या संयुक्तराज्य अमेरिकापछि दोस्रो स्थानमा छ।

पेरुमा पनि कोरोनाभाइरसबाट संक्रमितको संख्या २ लाख ६० हजार नाघेको छ। पेरुमा जारी अनिवार्य लकडाउन १०० दिन पुगेको छ। पेरुको छिमेकी राष्ट्र कोलम्बियाले क्वारेन्टिनको अवधि आगामी जुलाई १५ सम्म बढाएको छ। कोलम्बियामा २ हजार ४०४ जनाभन्दा बढीको मृत्यु हुनुका साथै ७४ हजारको हाराहारीमा मानिस संक्रमित छन्।

# समाजसेवी जवाहरले राहत बितरण कार्यलाई निरन्तरता दिँदै



**दैनिक समाचारदाता राजबिराज, १० असार ।** सप्तरीका एक किसानले कोरोनाकालमा भएको लकडाउनको अवधीमा समस्यामा परेकाहरुलाई विगत आफ्नै लगानी नियमित राहत बितरणमा लागिपरेका छन् ।

राजबिराज ९ मलेठका ५० वर्षिय जवाहर यादवले तीन महिनादेखी राहत बितरण कार्यलाई निरन्तरता दिएका छन् ।

बुधबारसम्म उनले २ सय ३७ विपन्न परिवारलाई ६ लाख ५५ हजार मुल्य बराबरको खाद्यान्न राहत स्वरुप बितरण गरिसकेका छन् । सामाजिक कार्यलाई निरन्तरता दिँदै बुधबार पनि उनले दलित बस्तीका ११ परिवारलाई चामल, दाल, खाने तेल र नुन लगायतका राहत सामाग्रि बितरण गरे ।

नेपाल सरकारले पहिलो चरणमा स्थानिय तहमार्फत एक पल्ट बाडेको राहत पाँच दिनमै सकिएपछि हातमुख जोड्न समस्या भएका बेला यादवले तीन पटक राहत प्रदान गरेका छन् ।

विपन्न परिवारलाई संकटबाट जोगाएको र यादवले बाडेको खाद्यान्नले यहाँका धेरै गरिबलाई राहत मिलेको दलित अगुवा राजबिराज ९ निवासी चरित्तर सदाले बताए ।

यता समाजसेवी यादवले लकडाउनको प्रभाव अहिलेसम्म देखिएकाले त्यस्ता गरिब परिवारलाई सहयोग गर्ने कार्यलाई निरन्तरता दिइरहने र जनजिवन समान्य अवस्थामा नफर्किएसम्म क्षमताले भ्याएजति गरिब, असहायलाई सहयोग गर्ने क्रम जारि राख्ने उनको भनाई छ ।

# एसइईको नतिजा प्रकाशन कार्यविधि जारी

काठमाडौँ, ९ असार (रासस) । राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) कक्षा १० 'विद्यार्थी नतिजा, प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७' जारी गरेको छ ।

कोरोना महामारीका कारण बन्दाबन्दी जारीपछि स्थगित गत वर्षको उक्त परीक्षालाई सम्बन्धित विद्यालयको आन्तरिक मूल्याङ्कनलाई आधार बनाई नतिजा प्रकाशन गर्न बोर्डले सो कार्यविधि जारी गरेको हो । विद्यार्थीको अन्तिम मूल्याङ्कनका लागि सम्बन्धित प्रधानाध्यापकको संयोजकत्वमा समिति गठन गर्ने र परीक्षाफल प्रकाशन नगरेसम्म गोप्य राख्नुपर्ने कार्यविधिमा उल्लेख छ । यसरी मूल्याङ्कन गर्दा संवत् २०७६ को कूल पूर्णाङ्कको सैद्धान्तिक र प्रयोगात्मक गरी पहिलो त्रैमासिकको १०, दोस्रोको ३० र तेस्रो त्रैमासिक परीक्षाको ६० प्रतिशत अङ्कभार दिई ग्रेड निर्धारण गर्नुपर्नेछ । मन्त्रिपरिषद्को गत जेठ २८ को बैठकले गत वर्षको अन्तिम मूल्याङ्कनका आधारमा नतिजा प्रकाशन गर्ने निर्णय गरेको थियो ।

कार्यविधिमा स्थानीय तहको सहजीकरणमा जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइले विद्यालयका त्यस्ता मूल्याङ्कन विवरणलाई सङ्कलन गरी सक्कल प्रति परीक्षा नियन्त्रण कार्यालयलाई पठाउन भनिएको छ । कार्यविधिमा समय तालिका भने खुलाइएको छैन ।

गत वर्षको कक्षा १० को एसइई परीक्षाका लागि चार लाख ८२ हजार २१९ विद्यार्थीले आवेदन दिएका थिए भने एक हजार ९९५ परीक्षा केन्द्र निर्धारण गरिएका थिए ।

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजबिराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*